JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १ गते शनिबार ❑ 13 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कास्कीका ७२ पालिकामा छात्रवृत्ति वितरण हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**

मातृसेवा प्रतिष्ठान नेपालले कास्कीका ७२ वटामा छात्रवृत्ति रकम वितरण गर्ने भएको छ।

पाल्पाली समाज पोखराको व्यवस्थापनमा जिल्लाका ५ पालिकाका ७२ वटामा गरी ३९ लाख रुपैयाँ बराबरको ' कर्मभूमि छात्रवृत्ति' वितरण गरिने भएको हो । प्रतिष्ठान अध्यक्ष हरिप्रसाद पाण्डेले आफ्नो कर्म जिल्ला कास्कीको पोखरा महानगरपालिकासहित माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा गाउँपालिकाका सबै वडा समेट्ने गरी प्राविधिक विषय पढ्ने प्रतिविद्यार्थी ५० हजार रुपैयाँको छात्रवृत्ति वितरण गर्न लागेको जानकारी दिए । उनका अनुसार यसरी ७२ वडामा ५० हजार दरले ३६ लाख र बाँकी ३ लाख जिल्लाका दलित विद्यार्थीका लागि छात्रवृत्ति स्वरुप उपलब्ध गराइने छ । पूर्व मन्त्री समेत रहेका उद्योगपति पाण्डेले यसअघि पनि विभिन्न नाममा निरन्तर छात्रवृत्ति रकम उपलब्ध गराउँदै आएका छन् ।

यसैबीच, छात्रवृत्ति वितरण पारदर्शी बनाउन पाल्पाली समाज पोखराले पालिकाका प्रमुखहरुसँग छलफल गरी सुझाव संकलन गरेको छ। समाजको प्रतिनिधिमण्डले पोखराका मेयर मानबहादुर जिसी, माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङ, अन्नपूर्णका युवराज कुँवर, मादीका वेदबहादुर गुरुङ श्याम र रुपाका नवराज ओझासँग भेट गरी छात्रवृत्तिबारे जानकारी गराउँदै आवश्यक सुझाव संकलन गरेको हो ।

छलफलमा पालिका प्रमुखहरुले अन्य समाजको तुलनामा पाल्पाली समाज पोखराले रचनात्मक कार्य गर्दै आएकोमा प्रशंसा गर्दै छात्रवृत्ति कार्यक्रम कास्कीमा ल्याएकोमा खुसी व्यक्त गरे । समाजका अध्यक्ष कुलप्रसाद घिमिरे नेतृत्वको टोलीले उनीहरुलाई फरक-फरक समयमा सामूहिक एवं छुट्टाछुट्टै भेट गरेको हो । समाजको कार्यालय पोखरा नयाँबजारमा माछापुच्छ्रे, अन्नपूर्ण र मादीका गाउँपालिका अध्यक्षको स्वागत गरिनुको साथै छात्रवृत्तिबारे जानकारीसहित फर्म हस्तान्तरण गरिएको थियो । त्यस्तै, पोखराका मेयर मानबहादुर जिसीलाई शुक्रबार कार्यकक्षमै भेट गरेको हो भने अन्नपूर्ण र मादी गाउँपालिकाको कार्यपालिकाका सबै सदस्यसँग गाउँपालिकामै पुगेर अन्तर्क्रिया गरिसकेको छ । पोखराका मेयर जिसीले पाल्पाली समाजले लेकसाइडमा डिटिजल बोर्ड राख्नेदेखि लिएर विविध कार्यक्रम गरेकोमा प्रशंसा गरे। उनले पोखराका सबै वडामा छात्रवृत्ति वितरण गर्ने कार्यमा आफूहरुले पूर्ण रुपमा सहकार्य गर्ने वचन दिए । अन्नपूर्ण र मादीमा भएको अन्तर्क्रियामा समाजका तर्फबाट अध्यक्ष कुलप्रसाद घिमिरे, सल्लाहकार खेम सारु, महासचिव श्रीधर पराजुली र कोषाध्यक्ष सञ्जय आत्रे सहभागी थिए । कार्यक्रममा अन्नपूर्णका अध्यक्ष कुँवरले पाल्पाली समाजको समन्वयमा पाल्पाका पालिकाहरुसँग पनि पर्यटन क्षेत्रमा सहकार्य गर्ने बताए । त्यसअघि समाजको कार्यालयमा भएको कार्यक्रममा मादीका अध्यक्ष श्याम, माछापुच्छ्रेका अध्यक्ष गुरुङ र रुपाका अध्यक्ष ओझाले छात्रवृत्ति रकमले गरिब तथा विपन्न वर्गका विद्यार्थीको सपना साकार बन्ने बताएका थिए।

## सफल म्याराथन प्रतियोगिताको अन्तिम तयारी पूरा

### म्याराथनमा १ सय ९८ जना र महिला तर्फको २१ किलो मिटरको हाफ म्याराथनमा २२ जना सहभागी हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**

पोखरामा शनिबार हुने १५ औं संस्करणको सफल पोखरा अन्तर ाष्ट्रिय म्याराथन प्रतियोगिताको अन्तिम तयारी पूरा भएको छ । भूतपुर्व खेलाडी मञ्च नेपालको आयोजनामा शनिबार बिहान ७:०० बजे सुरु हुने उक्त प्रतियोगिताको अन्तिम तयारी पुरा भएको मञ्चका अध्यक्ष तेज बहादुर गुरुङले बताए।

म्याराथनमा यस बर्ष १ सय ९८ जना धावकहरु सहभागि हुने भएका छन् भने महिला तर्फको हाप म्याराथनमा २२ जना धावकहरु सहभागि हुने भएको अध्यक्ष गुरुङले बताए । यस बर्ष भने कोरोनाको कारणले गर्दा विदेशबाट व्यवसायीक धावकहरु उक्त प्रतियोगितामा सहभागिता जनाउने सम्भावना नभएको मञ्चले जनाएको छ । यद्यपी विदेशी कुटनितीक नियोग तथा अन्य केही विदेशीहरु भने उक्त प्रतियोगितामा सहभागि हुने भएकाछन्। कोरोनाले प्रभावित भएको खेल क्षेत्रलाई प्रबर्द्धन गर्न र सफल पोखरा म्याराथनलाई निरन्तरता दिन पनि यस बर्ष उक्त प्रतियोगितामा सके सम्मको आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने भएको अध्यक्ष गुरुङले बताए।

४२.१९५ किलोमिटर दौड (म्याराथन) का विजेताले २ लाख उपविजेताले १ लाख र तेस्रो हुने खेलाडीले ७५ हजार रुपैयाँ, शान्तोना हुनेले २५ हजार साथमा ट्रफी मेडल, प्रमाणा–पत्र प्राप्त गर्ने भएको अध्यक्ष गुरुङले बताए। नेपाल पर्यटन वोर्डको प्रबर्द्धनमा संचालन हुने उक्त प्रतियोगिताले पोखराको खेलपर्यटनलाई समेत प्रबर्द्धन गर्ने भएको अध्यक्ष गुरुङले जनाए । उक्त प्रतियोगिता सफल पार्न करिब ३ सय सुरक्षाकर्मी एक सय ५० स्वयमसेवक परिचालन गरिने तथा करिब ३/४ किलोमिटर दुरीमा एम्बुलेन्स सेवा तयारी अबस्थामा राखिने भएको उनले जनाए । उक्त दौड प्रतियोगिता शनिबार विहान ७:०० बजे पोखरा रंगशालाबाट सुरु भई छोरेपाटन, लेकसाइड, भिमकालिपाटन, इन्जिनीयरिङ कलेज मध्यमपथ हुदै बगर, नारायणथान पुल हुदै सितलादेवि, मियापाटन, चाउथे, भोटेचौचारा मझेरीपाटन रामबजार हुदै रंगशालासम्मको रुट तय गरिएको छ।

महिला धावकहरुलाई समेत प्रोत्साहन हुने गरी यस बर्ष देखि हुन लागेको २१ किलोमिटरको हाफ म्याराथन प्रतियोगितामा विहिबारसम्म १९ जना प्रतियोगिहरुले सहभागिता जनाउने गरी नाम दर्ता गरेको मञ्चले जनाएको छ । महिला तर्फको हाफ म्याराथनको विजेताले १ लाख, उपबिजेताले ७५ हजार, तेश्रो हुनेले ५० हजार र शान्त्वना हुनेले भने १५ हजार नगद प्राप्त गर्ने भएको भएको मञ्चका प्रमुख कार्यकार्य अधिकृत केशव पाठकले बताए।

उक्त प्रतियोगितामा धावकले पोखरा रंगशालाबाट दौड सुरु गरी पृथ्वीचोक, छोरेपाटन, पार्दी, लेकसाइड, न्यूरोड, गैरापाटन, पालिखेचोक, नारायणथान मन्दिरचोक, नेपाल टेलिकल हुदै गिता मन्दिर हस्पिटलचोक, बुद्धचोक रंगशालासम्मको यात्रा पुरा गर्नु पर्ने हुन्छ । प्रतियोगिता सम्पन्न गर्न करिब ५० लाख ६० हजार खर्च लाग्ने भएको मञ्चका अध्यक्ष गुरुङले जनाए । प्रतियोगितालाई सफल पार्न मुख्य प्रायोजक लक्ष्मी हाउसको उत्पादन सफल दुधले यस बर्ष ४ लाख ५० हजार आर्थिक सहयोग गर्ने भएको उनले जनाए।

## कांग्रेसद्वारा बैतडी घटनाका दोषीलाई अविलम्ब पक्राउ गर्न माग

**रासस**
**काठमाडौं, ३० माघ**

नेपाली कांग्रेसले बैतडीकी किशोरी भागरथी भट्टको हत्यामा संलग्न दोषी पक्राउ नपर्नु, उनको शव अस्पतालमा रहिरहनु र परिवारजनले पीडामाथि पीडा भोग्नुको स्थितिलाई दुःखद्रूपमा लिएको जनाएको छ।

कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले शुक्रबार विज्ञप्तिमार्फत उक्त घटनाको अनुसन्धान तीव्र बनाउन, दोषीलाई अविलम्ब पक्राउ गर्न, बैतडी घटनासँगै देशभरका सबै यस्ता घटनाविरुद्ध राज्यको अस्तित्व प्रभावकारी बनाउन प्रधानमन्त्रीसमक्ष माग गरेका छन् । शान्ति स्थापना र संविधान निर्माणपश्चात मुलुकमा अमनचयन स्थापना हुने र नागरिकको जीवन सुरक्षित बन्ने भन्ने विश्वास लिइए पनि यस्ता घटना भइरहनु गम्भीर चिन्ताको विषय बनेको विज्ञप्तिमा जनाइको छ।

निर्मला पन्त प्रकरणका दोषी अझै कहीं खुला घुमिरहेका तथा भागरथी र अरु धेरै छोरीको अपराधमा संलग्नहरू कानूनको कठघराभन्दा बाहिरै रहेको उल्लेख गर्दै कांग्रसले शान्ति सरक्षाका लागि प्रशासन संयन्त्रलाई थप चुस्त बनाउन अपिलसमेत गरेको छ।

यसै क्रममा बैतडी घटनाको स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न एवं स्थानीयवासी र परिवारजनसँग भेट गर्न कांग्रेस केन्द्रीय समितिको प्रतिनिधिका रूपमा पार्टीले केन्द्रीय सदस्य रमेश लेखकलाई बैतडी पठाएको जनाएको छ।

## पोखरामा पनि सोनाम ल्होसार पर्व शुभकामना आदानप्रदान गर्दै मनाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**

तामाङ समुदायको महान पर्व सोनाम ल्होसार पोखरामा पनि शुभकामना आदान प्रदान गर्दै मनाइएको छ।

नेपाल तामाङ सेवा समाज पोखराको आफ्नै गुम्बा परिसरमा शुक्रबार शुभकामना आदान प्रदान सहित सोनाम ल्होसार पर्व पोखरामा पनि मनाइएको समाजका अध्यक्ष ज्याक तामाङले बताए।

नेपाल तामाङ घेदुङ गण्डकीका निवर्तमान अध्यक्ष दीपक वाइवाले उक्त कार्यक्रममा शुभकामना दिदै तामाङ समुदायको कला संस्कृतिलाई संरक्षणमा अनुज पुस्ता लाग्नु पर्ने बताए।

उक्त अवसरमा समाजले बैदाम वडा प्रहरी कार्यालयमा हालै सरुवा भई आएकी डि.एस.पी.चिनुमाया तामाङलाई स्वागत गरेको छ । कार्यक्रममा बोल्दै डि.एस.पी.तामाङले महिलाहरुको हकहितको लागि बिषेश ध्यान दिने बताउदै समग्र पोखराको शान्ति सुरक्षा कायम गर्न आफुहरु अहोरात्र खटिने बताइन्। समाजका अध्यक्ष तामाङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका कोषाध्यक्ष एवं रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर संजय मल्ल, व्यूटिसियन चिनु गुरुङ, नेपाल तामाङ घेदुङ जिल्ला महिला अध्यक्ष पवित्रा तामाङ, समाजका उपाध्यक्ष जयन्ती मुत्तान, सचिव कविता योन्जन लगायतले सोनाम ल्होछार पर्वको बारेमा चर्चा गरेका थिए । सरकारले सोनाम ल्होछार पर्वको अवसरमा शुक्रबारसार्वजनिक बिदा दिएको हो।

## आर्मी र गण्डकी प्रदेश तथा महिला तर्फ पुलिस र एपिएफ टाइगर कप भलिवल प्रतियोगिताको फाइनलमा भिड्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**



त्रिभुवन आर्मी क्लव बिरुद्ध गण्डकी प्रदेश र महिला तर्फ भने विभागिय टोली नेपाल पुलिस क्लव र अर्को विभागिय शसस्त्र प्रहरी वलको एपिएफ क्लव टाइगर कप आमन्त्रित राष्ट्रिय भलिवल प्रतियोगिताको फाइनलमा प्रतिष्प्रर्धा गर्ने भएका छन् ।

महिला तर्फको खेलमा पुलिसले ६ अंक सहित फाइनलमा यात्रा बनाएको हो भने शुक्रबार भएको खेलमा न्यू डायमण्डलाई सोझो तीन सेटमा पराजित गर्दै एपिएफले पुलिसंग फाइनल यात्रा तय गरेको हो । राष्ट्रिय टिमका कप्तान अरुणा शाही सहित पोखरेलीको साथ पाएको न्यू डायमण्डले एपिएफसंग जित निकाल्न भने कठिन भयो । एफिएफले न्यूडाइमण्डलाई २५–२१, २५–२१ र २५–२३ को सोझो सेटमा पराजित गरेको छ । एपिएफ र न्यू डायमण्डको समान ५/५ अंक भए पनि सेटको आधारमा एफिएफले फाइनलमा यात्रा बनाएको हो ।

एफिएफले शुक्रबारको खेलमा सोझो तीन सेटमा पराजित गरेको तर यस अघि विहीबारको खेलमा न्यूडायमण्डले ३–१ सेटमा पुलिसलाई पराजित गरेको थियो । महिला तर्फ आर्मीले २ अंक प्राप्त गरेको छ । त्यसै गरी पोखरा रंगशालामा शुक्रबार पुरुष तर्फको खेलमा गण्डकी प्रदेश र त्रिभुवन आर्मी क्लवले जित हासिल गर्दै फाइनलमा यात्रा बनाएका हुन्। गण्डकी प्रदेशले एपिएफलाई २५–२१, २९–२७, २५–१५ को सोझो सेटमा पराजित गर्दै ६ अंकका साथ फाइनलमा यात्रा बनाएको हो । अर्को खेलमा आर्मीले नेपाल पुलिस क्लवलाई २६–२४, २५–२२ र २५–१४ को सोझो सेटमा पराजित गर्दै ६ अंक प्राप्त गरी अन्तिम दुईमा स्थान बनाएको हो । पुलिसले ४ अंक ल्याउदा एपिएफले भने २ अंक ल्याएको छ। शुक्रबार लिग चरणका खेलहरु सम्पन्न भएसंगै शुक्रबार फाइनल खेल दिउँसो ११:०० बजे पछि हुने भएको टाइगर ग्रुपका अध्यक्ष नारायण शर्माले बताए।

प्रतियोगितामा विजेता टोलीलाई जनही १ लाख ५० हजार, उपविजेता टोली महिला तथा पुरुषको टोलीलाई पनि जनही ७५ हजार, तेश्रो हुनेलाई ३५/३५ र शान्त्वना हुनेलाई जनही १५/१५ हजार प्रदान गरिने भएको छ। प्रतियोगितामा सर्वोउत्कृष्ट हुने महिला तथा पुरुष तर्फका एक एक जना खेलाडीलाई जनही २० हजार प्रदान गरिने भएको छ। त्यसै गरी प्रतियोगितामा उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट डिफेण्डर र उत्कृष्ट स्पाइकरलाई जनही ५/५ हजार पुरस्कार प्रदान गरिने भएको छ।



# 'पर्यटन विकासका लागि सहकार्य गर्न तयार'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**

सुदूरपश्चिमको पर्यटन विकासका लागि पोखराका पर्यटन व्यवसायीले हातेमालो गरेर साथ दिने बताएका छन् ।

सुदूरपश्चिम नेपाल एशोसिएशन टुर एण्ड ट्राभल्स (नाट्टा)को आयोजना तथा नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित अन्तर प्रादेशिक समन्वयात्मक भ्रमणमा लागि पोखरा आइपुगेका व्यवसायीको टोलीसँगको अन्तक्रियात्ममा यहाँका पर्यटन व्यवसायीले पर्यटन विकासमा सहकार्य गरेर अघि बढ्ने बताएका हुन् ।

कार्यक्रममा सुदूरपश्चिभ प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वय एकाइका प्रमुख भोजराज पाठकले गण्डकी प्रदेश र अझ पोखरा पर्यटन क्षेत्रका लागि 'आइडल' भएकाले यस क्षेत्रबाट धेरै कुरा सिक्ने सकिने बताए । उनले कोभिड- १९ ले सुस्ताएको पर्यटनका लागि एक प्रदेशदेखि अर्को प्रदेशको भ्रमण गरेर आन्तरिक पर्यटनमार्फत चलायमान गराउन सकिने बताए । आन्तरिक पर्यटन पुनःरुत्थान समितिका संयोजक अग्नि कँडेलले कोभिड पछाडिको अवस्थालाई गति दिन आन्तरिक पर्यटकलाई लक्षित गरेर विभिन्न कार्यक्रम गर्नुपर्ने बताए । उनले सुदूरपश्चिम सांस्कृतिक, प्राकृतिक, राजनीतिकरुपले अगाडि भए पनि आर्थिक समृद्धि हासिल गर्न नसकेको उल्लेख गर्दै प्रचारप्रसारमा जोड दिएर पर्यटकीय गतिविधि बढाउनुपर्ने बताए । आर्कषक गन्तव्य प्याकेजमार्फत ल्याउन सके आगामी दिन आन्तरिक पर्यटकको गन्तव्यमा सुदूरपश्चिम हुनसक्ने उनको भनाइ थियो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पर्यटनका लागि समसामियक विषयमा देखिएका समस्याको कारण खोजेर समाधानमा जुट्नुपर्ने बताए । उनले परम्परागत सोच र अवस्थाबाट अबको पर्यटनले गति लिन नसक्ने उल्लेख गर्दै नवीनतमा सोच र प्रविधिको विकाससँग अगाडि बढ्नुपर्ने धारणा राखे । सरकारका नीति पर्यटनमैत्री बनाएर पर्यटकका लागि सहज वातावरण बनाउनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा नाट्टा गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देल कोभिड-१९ का कारण धेरैले प्राकृतिक र शान्तस्थलको खोजीमा धेरै पर्यटक रहेको उल्लेख गर्दै सुदूरपश्चिम, गण्डकी प्रदेशमा त्यस्ता ठाउँ भएकाले प्याकेज बनाएर ल्याउन सके आगामी दिनमा पर्यटननको विकास हुने बताए । नेपाल पर्यटन बार्ड गण्डकी प्रदेशका प्रबन्धक विमल कँडेलले कोभिड-१९ को चुनौतीलाई अवसरमा बदलेर लुकेर रहेका गन्तव्यको खोजीसहित यसको प्रवर्द्धन जोड दिन सके दीर्घकालीनरुपमा पर्यटन विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । पश्चिमाञ्चल होटल सङ्घमा अध्यक्ष विकल तुलाचन हवाई 'कनेक्टिभिटी'लाई जोड दिनसके सुदूरपश्चिम र गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा विकास हुने बताए । नाट्टा सुदूरपश्चिमका अध्यक्ष मायाप्रकाश भट्टले सुदूरपश्चिमलाई प्रकृतिले सबै कुरा दिए पनि आर्थिक रुपान्तरणमा बदल्न नसकिएको बताए । सो अवसरमा उनले गण्डकी प्रदेशका पर्यटन व्यवसायीलाई सुन्दर सुदूरपश्चिम भ्रमणका लागि आउन आग्रह गरे । नाट्टा सुदूरपश्चिमका महासचिव पदमविक्रम सिंहले 'देव भूमि सुन्दर ठाउँ, सुदूरपश्चिम घुम्न जाऊँ' भन्ने नारासहित लुम्बिनी, गण्डकी कर्णाली प्रदेशलगायतका पर्यटन व्यवसायीसँग अन्तर प्रादेशिक समन्वयात्मक भ्रमण कार्यक्रम आयोजना गरिएको जानकारी दिए । सात दिने समन्वयात्मक भ्रमण बर्दिया पुगेर समापन हुने उनको भनाइ छ ।

# वालिङमा पहिलोपटक थाङ्का/पौभा कला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ३० माघ**

स्याङ्जाको वालिङमा नेपालको मौलिक कलाका रूपमा परिचित थाङ्का/पौभा कलाको प्रदर्शनी गरिएको छ ।

नेपालको हिमाली, पहाडी तथा काठमाडौँ उपत्यकाभित्र सिर्जना भएका थाङ्का/पौभा कलालाई नेपालभर चिनाउने, बुझाउने र यसको महत्वका बारेमा जानकारी गराउने मुख्य उद्देश्यले प्रदर्शनी गरिएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँका परम्परागत शिल्पकला विभागका प्रमुख प्राज्ञ बुद्धिबहादुर गुरुङले बताए ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान शिल्पकला विभागको आयोजनामा वालिङमा बुधबार र बिहीबार नेपाली कलाका दिवङ्गत तथा वर्तमानका चर्चित अग्रज तीन दर्जन बढी कलाकारका चित्रकला प्रदर्शनी गरिएको प्राज्ञ गुरुङले बताए । "कलाको विकासबिना समाज र राज्यको विकास हुन सक्दैन", प्राज्ञ गुरुङले भने, "विकासको अनुभूति गर्न हामीले स्थानीय सङ्घसंस्थाको संयोजनमा उपत्यका बाहिर मोफसलमा पनि कलाको विकासमा जोड दिनका लागि प्रदर्शनी गरेका हौँ ।" नेपालका सातवटै प्रदेशमा परम्परागत चित्रकला प्रदर्शनी तथा यसको प्रचारप्रसार गर्ने लक्ष्य राखेर अभियान थालिएको प्राज्ञ गुरुङले बताए ।

नेपालको हिमाली, पहाडी भागमा बसोबास गर्ने बौद्ध धर्मावलम्बी र काठमाडौँ उपत्यकामा बसोबास गर्ने हिन्दू एवं बौद्ध धर्म मान्ने नेवार समुदायले परम्परादेखि बनाउँदै आएको कलालाई उपत्यकामा मात्रै सीमित नाराखी यसलाई सातवटै प्रदेशमा पुर्‍याउने लक्ष्यअनुरुप गण्डकी प्रदेशको वालिङमा प्रदर्शनी गरिएको प्राज्ञ मानबहादुर दोङले बताए । "सीमित ठाउँमा मात्रै रहेको परम्परागत चित्रकला प्रदर्शनीलाई व्यापकताका लागि प्रतिष्ठान, केन्द्रीय, प्रदेश र स्थानीय सरकारले पहल लिनुपर्ने आवश्यकता छ", प्राज्ञ दोङले भने, "उपत्यका बाहिर कला र यसको चेतनालाई गाउँगाउँमा पुर्‍याउनुपर्छ भन्ने लागेर देशभर प्रदर्शनीमा लागेका हौँ ।" गण्डकी प्रदेशको वालिङमा पहिलोपटक मौलिक पहिचान झल्कने परम्परागत चित्रकला प्रदर्शनीले थप ऊर्जा र यसको महत्वलाई अझै उचाइमा पुर्‍याएको वालिङ नगरप्रमुख दिलीपप्रताप खाँणले बताए ।

"कला संस्कृति हाम्रा सभ्यता हुन्", प्रमुख खाँणले भने, "परम्परागत कलालाई देशव्यापीरूपमा चिनाउन आगामी दिनमा नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।" कला र साहित्यको महत्व धेरै रहेको बताउँदै उहाँले समाज रूपान्तरणमा विशेष भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रशिक्षण तथा अन्तरक्रियात्मकरूपमा दुई दिन सञ्चालन भएको प्रदर्शनीमा कलाकार, समाजसेवी, साहित्यकार, विद्यार्थीलगायतको सहभागिता थियो ।

# सिम्ले-किमलडाँडा जोड्ने पक्की पुल निर्माण शुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ३० माघ**

भीमाद नगरपालिका-८ सिम्ले र शुक्लागण्डकी नगरपालिका-८ किमलडाँडा जोड्ने क्याङ्दी खोलामा पक्की पुल निर्माण शुरु भएको छ । गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा क्याङ्दीखोलामा पक्की पुल निर्माण शुरु भएको हो ।



सो पुलको बिहीबार शिलान्यास गर्दै गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले नाम लेखाउने रहरले नभई जानकारी र सार्वजनिकीकरणका लागि शिलान्यास कार्यक्रम गर्ने गरेको बताए । उनले भने, "कतिपयलाई लाग्न सक्छ, पुल शिलान्यास गर्ने त्यो नाम लेखाउनका निम्ति हो । नाम लेखाउनका निम्ति होइन । शिलान्यास कार्यक्रम गरेपछि सबैलाई थाहा हुन्छ । बरु उद्घाटन नगर्दा पनि हुन्छ ।" कुनै पनि आयोजना समयमै सम्पन्न गर्न स्थानीय सरकारको समन्वय हुनुपर्ने बताउँदै उनले आवश्यक सहयोग गर्न निर्देशन दिए । गण्डकी प्रदेशसभा सदस्य आशा कोइरालाले अबको दुई वर्षमा यहाँको स्थानीयवासीले भोग्नुपरेको समस्याबाट मुक्ति मिल्ने बताइन । भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापाले स्थानीय बासिन्दाले अनेकौं बखेडा झिक्दा समयमै काम नहुने भएकाले सकारात्मक सहयोग गर्न सुझाव दिए । रु आठ करोड ३२ लाख ४८ हजार १७४ को लागतमा पुल निर्माण हुन लागेको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । पुल निर्माणको ठेक्का एमएस रसुवा वाइएसएस जेभी सुर्खेतले पाएको कार्यालयका प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिए । उनका अनुसार २०७९ मङ्सिर १७ गतेभित्र पुल सम्पन्न गर्नुपर्ने म्याद छ । पायल फाउण्डेसनमा बन्ने पुल ७० मिटर लामो र ८.४ मिटर चौडाइको हुनेछ । पुल बनेपछि वर्षाको समयमा वारपार गर्न सजिलो हुने भिमाद नगरपालिका-८ का वडाध्यक्ष बुद्धिमान श्रेष्ठले बताए । पृथ्वी राजमार्गबाट नजिकै रहेको भिमाद र शुक्लागण्डकीका क्याङ्दी पारीका बस्ती वर्षामा यातायात सञ्जालबाट सम्पर्क टुट्छ । हिउँदमा क्याङ्दी सुकेपछि बल्ल सवारी वारपार हुन्छन् । दुईपाङ्ग्रे सवारी दोभानको झोलुङ्गे पुल हुँदै वारपार गर्छन् ।

शुक्लागण्डकी नगरपालिका-७ दोभान र भिमाद नगरपालिका-८ भागरलाई जोड्ने गरी छ वर्ष पहिले सेती नदीमाथि निर्माण थालिएको पुल अलपत्र छ । अझै केही वर्ष बन्ने छाँटकाट देखिँदैन । क्याङ्दीमा पुले बनेपछि वर्षाको बेला घुमाउरो बाटो भए पनि सवारी आउजाउ हुनेमा स्थानीयवासी आशावादी बनेका छन् ।

# गरिमा विकास बैंकको अध्यक्षमा बस्याल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० माघ**

गरिमा विकास बैंकको १४ औं बार्षिक साधारण सभाले श्याँम प्रसाद बस्यालको अध्यक्ष नयाँ संचालक समिति चयन भएको छ । पोखरामा शुक्रबार सम्पन्न भएको उक्त साधारण सभाले आगामी ४ बर्षीय कार्यकालको लागि बस्याल सहित ६ सदस्य संचालक समितिमा चयन गराएको हो ।

अन्य संचालक समितिको सदस्यहरुमा संस्थापक तर्फबाट डा.आनन्द प्रसाद श्रेष्ठ र दीपेन्द्र श्रेष्ठ र सर्वसाधारण तर्फको शेयर सदस्यबाट संजिव ढकाल, सरस्वती पाठक र विमल पाण्डे चयन भएका हुन् । निवर्तमान अध्यक्षमा चन्द्रकान्त बराल रहेका छन् । संस्थाको ५४ अर्ब ५१ करोड निक्षेप रहेको छ भने ४६ अर्ब ८५ करोड कर्जा (लगानी) भएको बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले बताए । संस्थाको हालसम्म १ सय ६ शाखामा ९ सय ६ जना कर्मचारी रहेको बैंकले जनाएको छ । उक्त साधारण सभाले १३.५ प्रतिशत वोनस शेयर दिने प्रस्ताव पारित गरेको छ । बैंकको ३ अर्ब २३ करोड ८६ लाख ८९ हजार ४ सय २८ रुपैया चुक्ता पुंजि रहेको छ जसमध्य १३.५ प्रतिशतको ४३ करोड ७२ लाख २३ हजार ७२ रुपैया बोनश शेयर जारी गर्ने भएको हो । संस्थाले करिब ०.७१ प्रतिशतले हुन आउने २ करोड ३० लाख ११ हजार ७ सय ४० रुपैया नगद लाभांश वितरण गर्नै प्रस्ताव समेत पारित गरेको अध्यक्ष चन्द्रकान्त बरालले बताए ।

संस्थाले यस बर्ष पनि उत्कृष्ट शाखा सम्मानबाट नगद सहित यस बर्ष पनि सम्मान गरेको अध्यक्ष बरालले बताए । उनका अनुसार चितवनको मिलनचोक शाखा प्रथम, कास्की पोखरा हेमजाको शाखा दोश्रो र काठमाण्डौंको लाजिम्पाट शाखा तेश्रो भएको छ । प्रथम हुनेलाई ५० हजार, दोश्रो हुनेलाई ४० हजार र तेश्रो हुनेलाई ३० हजारको साथमा प्रंशम्सा पत्रले शाखा प्रमुख सहितको टिमलाई सम्मान गरिएको थियो ।

संस्थाको सञ्चित मुनाफा ताथ जडेगा कोषमा चालु आर्थिक बर्षमा ६३ करोड ७५ लाख १० हजार ४ सय ६४ रुपैया रहेको छ भने यस बर्ष अघिल्लो बर्ष को तुलनामा २३.१५ प्रतिशतले बृद्धि भएको संस्थाले जनाएको छ । संस्थाले आर्थिक बर्ष २०७६/०७७ मा ८१ करोड २७ लाख ५० हजार ९ सय ७८ रुपैया संचालन मुनाफा गर्न सफल भएको छ । कोरोनाले गर्दा यो अघिल्लो बषको तुलानमा ६ प्रतिशतले घट्न गएको संस्थाले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरेको छ । संस्थाको खुद मुनाफा भने चालु आर्थिक बर्षमा कोरोनाले गर्दा अघिल्लो बर्षको तुलनामा २.८९ प्रतिशतले घट्न गई हाल ५७ करोड ७२ लाख ५५ हजार ७ सय ६९ रुपैया आर्जन गर्न सफल भएको सिईओ ढकालले जनाए ।

संस्थाको निष्क्रिय कर्जा अनुपात पनि कोरोनाले गर्दा केही प्रभावित भएको छ । २०७५/०७६ मा ०.२० प्रतिशत निष्क्रिय कर्जा रहेकोमा यस बर्ष भने ०.८७ प्रतिशतले बढ्न गएको उनले जनाए । संस्थाले जोखिमलाई न्यूनिकरण गर्न विभिधिकरणको सिद्धान्तको आधारमा कृषि, पर्यटन, उद्योग, व्यवसाय लगायतका धेरै क्षेत्रमा लगानी गरेको कम्पनी सचिव माधवप्रसाद उपाध्यायले बताए । बैंकले एटिएम, गरिमा एस.एम.एस. बैंकिङ, स्मार्ट मोबाइल बैंकिङ, अनलाइन एकाउण्ट, इन्टरनेट बैंकिङ सेवा लगायतका सेवा संचालन गर्दै आएको कम्पनीको दाबी छ । बैंकका अध्यक्ष बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा मुक्तिनाथ विकास बैंकका अध्यक्ष भरतराज ढकाल, शेयर सदस्य एवं वालिङ नगरपालिकाका मेयर दीलिप प्रताप खाँड, शेयर धनि बुद्धिसागर बराल, युक्त बहादुर सुवेदी लगायतले संस्थागत सुसासनलाई निरन्तरता दिदै खराब कर्जा घटाउन तर्फ ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

सर्लाहीको मंगलामा रहेको सहारा विकास बैंकसंग गरिमा विकास बैंक मर्जको प्रस्ताव समेत आएको बताइएको छ । यसैबिच, उक्त कार्यक्रममा डा. शुसिल कोइरालाले विश्व शान्तिको कामना सहित सहभागि सवैलाई गुलावको फुल वितरण गरेका थिए ।


## शिक्षक आवश्यकता

यस पोखरा मनपा-१, कसेरीमा अवस्थित बाल जीवन संस्थालाई एक आंशिक शिक्षक आवश्यक भएको हुँदा निम्न योग्यता भएका नेपाली नागरिकले यहि फागुन ५ गतेभित्र आवेदन दिनहुन् अनुरोध गरिन्छ ।

योग्यता: +२ उत्तीर्ण, गणित, अंग्रेजी र विज्ञान विषय पढाउन सक्ने ।

आवेदन शुल्क: रु २००।-

सम्पर्क:

मो. नं.: ९८४६०२१००९०, ९८०६५६३७१८







## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मध्यपहाडी राजमार्ग : कास्कीको पूर्वी खण्ड रुदीदोभान–भैँसे निर्माण अघि बढ्यो

– कृष्ण दवाडी
बागलुङ, ३० माघ

राष्ट्रिय गौरवको निर्माणाधीन पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत कास्की जिल्लाको पूर्वी खण्डको निर्माणकार्य अघि बढेको छ।

लामो समय राजमार्गको एलाइनमेन्ट (रेखाङ्कन) विवादका कारण निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको सो खण्ड निर्माणका लागि हालै निर्माण कम्पनी छनोट गरी ठेक्का सम्झौता भएको हो। आगामी दुई वर्षभित्रमा सो खण्ड निर्माण सम्पन्न हुनेछ।

कास्की र लमजुङको सीमा रुदीदोभानबाट कास्कीको मादी गाउँपालिकाको भैँसेसम्मको १६ किमी सडक निर्माणका लागि बोलपत्र आह्वान भएर यही माघ २३ गते निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरिएको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ।

सो खण्ड निर्माणका लागि रु एक अर्ब दुई करोड ७७ लाख १७ हजार लागत अनुमान गरिएकामा भारत दिव्यज्योति/जय धनञ्जय जेभी काठमाडौँसँग रु ५३ करोड ६० लाख ८८ हजारमा ठेक्का सम्झौता गरिएको यस क्षेत्र हेर्ने जिम्मेवारी पाएको मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख एवं डिभिजनल इन्जिनियर मेघराज मरासिनीले बताउनुभयो। सो सडक आगामी विसं २०७९ माघ २२ गतेभित्रमा सम्पन्न गर्ने सम्झौता छ।

मध्यपहाडी राजमार्गको कास्की खण्डअन्तर्गत ८० किमी हाराहारी क्षेत्र पर्दछ। यसअघि पोखरा महानगरपालिका–२५ याम्दीबाट पर्वतको सीमा नयाँपुलसम्मको ३७ किमी क्षेत्रमा तीन वर्षअघिदेखि काम भइरहेकामा अहिले अन्तिम चरणमा पुगेको छ। सो खण्डको लागत रु तीन अर्ब रहेको छ। यसै आर्थिक वर्षभित्रमा सो खण्ड सम्पन्न हुने बताइन्छ। राजमार्गको कास्की खण्डको पश्चिम क्षेत्रमा काम अन्तिम चरणमा पुगेको र पूर्वी खण्ड निर्माण शुरु भए पनि पोखरा खण्डमा भने अझै एलाइमेन्ट (रेखाङ्कन) टुङ्गो लाग्न सकेको छैन। पोखरा खण्डको साढे २६ किमीको एलाइनमेन्टको विवाद कायमै छ। एक दशकअघि तय गरिएको एलाइमेन्टअनुसार सडक निर्माण गर्दा राजमार्गको मापदण्ड (राइट अफ वे) का कारण दुई हजार हाराहारीमा घरहरू विस्थापित हुने भएकाले गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिकाले महानगरको माथिल्लो ग्रामीण भेग हुँदै राजमार्ग लैजानुपर्ने माग गरेका छन्।

आयोजना कार्यालय प्रमुख मरासिनीले वैकल्पिक एक/दुईवटा वैकल्पिक रुट प्रस्ताव गरिएको बताउँदै केही हप्ताभित्रमा पोखरा क्षेत्रको एलाइनमेन्टसमेत अन्तिम टुङ्गो लाग्ने र निर्माण प्रक्रिया अघि बढ्ने बताउनुभयो। "राजमार्ग निर्माणका लागि पोखरा खण्डमा एक/दुईवटा विकल्प हामीले हेरेका छौँ। अर्को हप्ता काठमाडौँ गएर त्यसलाई प्रस्तुत गर्नेछौँ।" कार्यालय प्रमुख मरासिनीले भन्नुभयो, "सरकारले तीन वर्षभित्रमा राजमार्ग निर्माण सम्पन्न गर्ने लक्ष्य राखेकाले अब विवादित क्षेत्रमा समेत छिट्टै काम शुरु हुन्छ।"

मध्यपहाडी राजमार्गको कास्कीसहित पर्वत र बाग्लुङ खण्ड सो कार्यालयअन्तर्गत पर्दछ। अन्यत्र राजमार्गको कुनै विवाद नरहे पनि पोखरा खण्डमा विवाद देखिएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्पराज कँडेल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पूर्वाधार विज्ञ गजेन्द्र थपलियालगायतको उच्चस्तरीय टोलीले केही दिनअघि रेखाङ्कनका लागि प्रस्तावित क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो।

राजमार्गको पोखरा खण्डमा काम अघि बढ्न नसकेको गुनासो स्थानीय सरकार र स्थानीय सरोकारवालाहरूबाट सुनेपछि यसै साता पोखराको विजयपुर खोला पुल उद्घाटन कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री बसन्त नेम्वाङले काठमाडौँ गएलगत्तै यसका बारेमा छलफल अघि बढाउने र आवश्यक प्रक्रिया शुरु हुने बताउनुभएको थियो।

प्रदेश सरकार र महानगरले पोखरा खण्डमा मध्यपहाडी राजमार्गका लागि मादीको भैँसेबाट, ज्याउदु, सबी, मेलबोट, पानीघाट, महानगरको मौजा, अर्मला, लामाचौर हुँदै याम्दी जोड्ने गरी माथिल्लो क्षेत्र प्रस्ताव गरेका छन्। मादी गाउँपालिकाले पनि आफ्नो धेरै वडाहरूलाई छुने गरी प्रदेश सरकार र महानगरले प्रस्ताव गरेअनुसार नै सडक निर्माण हुनुपर्ने माग गरेको छ। गाउँ कार्यपालिका बैठकले नै यसअघि राष्ट्रिय योजना आयोगमा सो सम्बन्धमा लिखित आग्रह गर्ने निर्णय गरेको थियो।

महानगर प्रमुख मानबहादुर जिसीले ग्रामीण भेगको समेत विकास हुने र राजमार्गबाट कमभन्दा कम क्षति हुने गरी महानगरको माथिल्लो भेगबाट रुट तय गर्न प्रस्ताव गरिएको बताउनुभयो। लामो समयदेखि एलाइनमेन्ट निर्क्योल नहुँदा आगामी तीन वर्षमा सम्पन्न गर्ने भनिएको काममा बाधा पुगेको भन्दै उहाँले राष्ट्रिय योजना आयोगसमक्ष एक हप्ताभित्रमा फैसला गर्नुहोस् भनेर पठाए पनि काम अघि नबढेको गुनासो गर्नुभयो।

उहाँले भन्नुभयो, "मुख्यमन्त्री, राष्ट्रिय योजना आयोगका पदाधिकारीसहित हामीले विवादित क्षेत्रको निरीक्षण गरेका थियौँ तर अहिलेसम्म त्यसका बारेमा कुनै निर्णय भएको छैन। हाम्रो क्षेत्रमा काम छिटो हुनुपर्दछ भनेका छौँ।"

# टेउवामा खुला आधुनिक मूर्तिकला सङ्ग्रहालय बन्दै

पोखरापत्र संवाददाता
बागलुङ, ३० माघ

पर्यटन पूर्वाधार निर्माण तथा पर्यटनउपज विकास साझेदारी कार्यक्रमअन्तर्गत गलकोट नगरपालिका–५ टेउवामा निर्माणाधीन खुला आधुनिक मूर्तिकला सङ्ग्रहालय बन्ने भएको छ। यसका लागि रु सात करोड बजेट विनियोजन भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गलकोट नगरपालिकाको लागत साझेदारीमा सङ्ग्रहालय निर्माण तथा पर्यटकीय लेक घुम्टेसम्म सडक पहुँच विस्तारका लागि लागि सो बजेट छुट्टिएको हो। मन्त्रालयले बिहीबार गरेको निर्णयअनुसार उक्त आयोजना छनोटमा परेको गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रालयको रु चार करोड ५५ लाख र नगरपालिकाको रु दुई करोड ४५ लाखको लागत साझेदारीमा पूर्वाधार निर्माणको काम अगाडि बढ्नेछ। "मूर्तिकला सङ्ग्रहालयमा पर्यटकीय पूर्वाधार निर्माणसँगै घुम्टे जोड्ने सडकको स्तरोन्नति गरिनेछ, यही वर्षदेखि काम शुरु हुन्छ", नगरप्रमुख गैरेले भन्नुभयो। आयोजना पार्न गलकोट नगरपालिका, गलकोट घुम्टे कला प्रतिष्ठानलगायतले पहल गरेका थिए। प्रतिष्ठानका अध्यक्ष पूर्णबहादुर रानाले मूर्तिकला सङ्ग्रहालयका लागि सरकारी तवरबाट महत्वपूर्ण सम्बोधन भएको बताउनुभयो। "विस्तृत आयोजना प्रतिवेदनअनुसार सङ्ग्रहालय निर्माणको काम अगाडि बढ्छ", उहाँले भन्नुभयो। प्रतिष्ठानको आयोजनामा गत वर्ष फागुनमा भएको अन्तर ष्ट्रिय आधुनिक मूर्तिकला कार्यशालामा कुँदिएका १५ मूर्ति सङ्ग्रहालयमा प्रतिस्थापन गरिसकिएको छ। कार्यशालामा नेपालसहित १० देशका १५ प्रसिद्ध कलाकारले ढुङ्गाका मूर्ति कुँदेका थिए। मूर्तिकारले ढुङ्गामा प्रकृति, जीवनचक्र, संस्कृति, सभ्यताबारे मूर्त, अर्धमूर्त र अमूर्त कला भरेका थिए। सङ्ग्रहालयमा बगैँचा, फुटपाथ, प्रवेशद्वार निर्माणलगायतका काम अगाडि बढाइएको छ। मूर्तिको शीर्षक दिने, विवरण राख्ने, साजसज्जादेखि थुप्रै संरचना निर्माण गर्न बाँकी नै रहेको प्रतिष्ठानले जनाएको छ।

कार्यशालामा सहभागी मूर्तिकारको कला र व्यक्तित्व समेटेर पुस्तिका निकाल्ने, दाताको शिलालेख राख्नेलगायतका योजना पनि प्रतिष्ठानले अघि सारेको छ। कार्यशालास्थलमा घेराबार, शौचालय, सडक, बिजुली, खानेपानी पुऱ्याउने काम यसअघि नै भइसकेको छ। मूर्तिकला सङ्ग्रहालयलाई पर्यटकीय र सांस्कृतिक महत्वको सम्पदास्थल बनाउने लक्ष्य लिइएको छ। मूर्तिकला सङ्ग्रहालयका लागि झण्डै रु १२ करोड खर्च लाग्ने अनुमान गरिएको छ। कार्यशालास्थलका लागि स्थानीयवासीले झण्डै ३० लाख मूल्यको २५ रोपनी जग्गा निःशुल्क दिएका थिए। कार्यशाला सम्पन्न गर्ने बेलासम्म रु दुई करोड ३० लाखभन्दा बढी खर्च भइसकेको प्रतिष्ठानले जनाएको छ। सङ्ग्रहालय निर्माणमा सङ्घ, प्रदेश, स्थानीय सरकारको बजेटसहित जनसहभागिता पनि जुटाइएको छ। सङ्ग्रहालयलाई पर्यटकीय लेक घुम्टेसँग जोड्ने सडक निर्माणले पनि गति लिएको छ। टेउवादेखि तल्लो र उपल्लो घुम्टेबीचको देउरालीसम्म सडक पुऱ्याउन तीन वर्षअघि काम थालिएको थियो। साझेदारी कार्यक्रममार्फत छुट्टिएको बजेटबाट उक्त सडक निर्माण र स्तरोन्नतिको काम हुने नगरपालिकाले जनाएको छ। तीन किमि सडक बनेको र दुई किमिमा मार्ग खोल्न बाँकी रहेको निर्माण समितिले जनाएको छ। पहिलो वर्ष गलकोट नगरपालिकाको रु आठ लाख बजेटबाट एक हजार ७०० मिटर सडक खनिएको थियो।

गत वर्ष सङ्घको पर्यटन मन्त्रालयबाट आएको रु १३ लाख बजेटबाट थप एक किमीमा काम भएको समितिका अध्यक्ष झङ्कबहादुर बस्नेतले बताउनुभयो। चालु आवमा पनि सोही मन्त्रालयकै रु सात लाख बजेटबाट काम भइरहेको उहाँको भनाइ छ।

# समूहमा गाई पाल्नेलाई अनुदान

पोखरापत्र संवाददाता
पर्वत, ३० माघ

जैमिनी नगरपालिकाका अधिकांश गाउँ 'लाहुरेको गाउँ' भनेर चिनिन्छन्। बढ्दो महङ्गी, विलासी जीवन र समय सुहाउँदो रहनसहनको व्यवस्थापनका लागि यहाँका युवा माध्यमिक तहको पढाइसकेपछिवैदेशिकरोजगारीलाई प्राथमिकतामा राख्छन्।

युवा विदेशिदा यहाँको खेतीयोग्य जमीन बाँझो छ। ठूला फाँटमा सिरु फुल्न थालेको छ। नगरका दशवटै वडाबाट विदेश पलायनको अवस्था जानकारी पाएको नगरपालिकाले बाँझो जमीनको उपयोग र युवालाई स्वरोजगार बनाउन कृषि र पशुपालनमा नयाँ अभ्यास शुरु गरेको छ। नगरपालिकाले विदेश जानेक्रम रोकेर गाउँमै रोजगारी सिर्जना गर्न 'नगरप्रमुख कृषि परियोजना' र नगरप्रमुख पशु विकास परियोजना' सञ्चालनमा ल्याएको छ। परियोजनाअन्तर्गत चालू आर्थिक वर्षमा तीन सामुहिक गाई फार्म र पाँच सामुहिकखेती समूह तयार गरिनेछ। "किसानलाई सामुहिक उत्पादनमा प्रेरित गर्ने योजना हुन्, जसका कारण रोजगारी र उत्पादन दुवै सिर्जना हुन्छ", पशुशाखा प्रमुख कृष्णप्रसाद ढकालले भन्नुभयो, "नगरपालिकाले बनाएको मापदण्ड पूरा गर्ने समूह तथा सहकारीले अनुदान पाउँछन्।" तीन वटा सामूहिक पशुपालन फार्मका लागि नगरपालिकाले रु ५४ लाख बजेट विनियोजन गरेको छ। पचास रोपनी जमीन, २५ जनाको समूह र २५ वटा गाई खरीद गरेपछि समूहलाई नगरपालिकाले रु १८ लाख अनुदान दिने कार्यविधि छ। समूहले रु ३० लाखको परियोजना बनाउनुपर्छ। रु १२ लाख लगानी समूह आफूले हुनुपर्ने व्यवस्था छ। जसका लागि फर्म दर्ता भएको हुनुपर्छ भने १० वर्षको जग्गा सम्झौता र मुनाफामुखी उत्पादन पक्का गरिएको कार्ययोजना नगरपालिकालेमागेकोछ।"अधिकतम किसानको सहभागिता होस् भन्ने हाम्रो मान्यता हो", नगरप्रमुख इन्द्रराज पौडेलले भन्नुभयो, "सामुहिकरुपमा कृषि र पशुपालन गर्नेको सङ्ख्यामा वृद्धि गर्दै समृद्ध नगरपालिकाको सपना साकार पार्नु छ।" शाखाले दुईपटकसम्म किसानबाट प्रस्ताव मागेको छ। दुई वटा समूहले प्रक्रिया पूरा गरेर अनुदान लिने तयारीमा रहेको पशुशाखा प्रमुख ढकालले बताउनुभयो।

अर्को परियोजनाका लागि समूह निर्माण र तालीम तथा गोष्ठीको काम भइरहेका छन्। समूहमा गाई पाल्नेका लागि आवश्यक तालीमको व्यवस्था नगरपालिकाले गर्नेछ।

चालू वर्षको योजनालाई निरन्तरता दिँदा जैमिनी अबको दुई वर्षमा दूधमा आत्मनिर्भर बन्छ। अहिले पनि यहाँका किसानले दूध उत्पादन र बिक्री गर्दै आइरहेका छन्। रैथाने बालीको व्यावसायिक उत्पादनका लागि नगरले नगरप्रमुख कृषि परियोजना लागू गरेको छ।

चालू आर्थिक वर्षमा पाँच वटा समूहले ५० रोपनी जमीनमा सामूहिकखेती गर्ने नगरपालिकाले जनाएको छ। रैथानेबालीको सामूहिक खेती गर्ने किसानका लागि प्रतिसमूह पाँच लाख रुपैयाँ अनुदान नगरपालिकाले दिनेछ।

न्यूनतम पाँच जना व्यक्तिको समूह बनाएर खाद्यान्न बाली लगाउने गरी यो परियोजनामा पाँच वटा समूह छनोट हुनेछन्। दुवै परियोजनामा बाँझो जमीन प्रयोग गर्नेलाईप्राथमिकतामाराखेकोकृषि शाखाले जनाएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : मन चञ्चल |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्फनुहोस्।




# अब पहिराले पानी रोक्दैन !

–तारानाथ आचार्य
बागलुङ, ३० माघ

बागलुङ बजारमा १६ किलोमिटर टाढाको मुहानबाट पानी आउँछ। काठेखोला गाउँपालिकाको रेशखोला र भुँदीखोला मुहानबाट आउने पानीले स्थानीयवासीको प्यास मेटाएको छ।

हिउँदमा बिहान बेलुका पालो बाँडेर आउने पानी वर्षात् को समयमा आउने नआउने टुङ्गो हुँदैन। लामो दूरीको पाइप कहिले बाढीले बगाउने त कहिले पहिरोको समस्या। एक ठाउँमा पाइप फुटेपछि हप्ता दिन नआउने खानेपानीले बजारवासी त सधैँ समस्यामा रहदैँ आएको छ। यहाँ रहेको साविक धौलागिरि अञ्चलकै ठूलो अस्पताल, धौलागिरि अस्पतालले लामो समयसम्म पानीको हाहाकार बेहोर्दै आएको छ।

अस्पतालका लागि जडान भएका धारामा आएको पानीले काम नचलेपछि धौलागिरि अस्पतालमा अहिले झण्डै ४० हजार लिटर पानी ट्याङ्करमार्फत ल्याउने गरिएको छ। जसको खर्च दैनिक १२ हजार आउँछ। अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि अस्पताल परिसर आसपासमै आवासको व्यवस्था छ। ८० परिवार अस्पतालको आवासमा बस्छन्। अस्पतालका विभिन्न विभाग, शौचालय र नियमित हातधुने धारामा मात्रै होइन, आवासमा समेत पानीको समस्या सधैँ रह्यो। अब भने रेशखोला र भुँदीखोलामा जाने पहिरो र हिउँदको समयमा मुहानमा पानी कम भएर सुकेको धाराले अस्पतालको दैनिकी नरोकिने भएको छ। पानीको समस्या समाधानका लागि धौलागिरि अस्पताल बागलुङमा बोरिङ प्रविधिबाट जमिनमुनीको पानी निकालेको छ। झण्डै २२० मिटर तल जमीनमुनिबाट अस्पतालका लागि आवश्यक पानी निकालिएको हो। बिहीबारसम्म ड्रिलिङ गर्दा जमीनमुनि पानीको राम्रो स्रोत भेटिएको अस्पताल विकास समितिले जनाएको छ।

बोरिङ प्रविधिको पानी निकाल्दा अस्पतालले प्रयोग गर्दै आएको ट्याङ्करको पानी विस्थापित हुनेछ। सामाजिक विकास मन्त्रालयको सहयोगमा जमिनमुनिकोपानीनिकालेप्रयोगमा ल्याउन लागिएको हो। पानी निकाल्ने काम सकिएकाले बाँकी संरचनाको काम अघि बढाइने अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट शैलेन्द्र विक पोखरेलले बताउनुभयो। डिटिएच रक ड्रिलिङले केही दिन पहिलेबाट बोरिङ खन्ने काम थालेको थियो। कम्पनीले दुई साताभित्रै २२० मिटर जमिनमुनिबाट पानी निकालेको कम्पनीका सुपरभाइजर सूर्य चिमरियाले बताउनुभयो।

प्रतिसेकेण्ड २ दशमलव ७५ लिटर पानी निकाल्ने लक्ष्य छ। बोरिङ खन्नका लागि मात्रै मन्त्रालयले रु ४० लाख बजेट विनियोजन गरेको थियो। "खन्ने काम १९ लाखमा हुन्छ, त्यसपछि जेनेरेटर र प्लम्बिङको काम बाँकी रकमले गर्ने हो", अस्पतालका लेखा अधिकृत झलक आचार्यले भन्नुभयो, "रकम अपुग नहोला भन्ने छ, कम भए मन्त्रालयमा लेखी पठाउँछौँ।" जमिन मुनिबाट आएको पानीलाई एक लाख लिटरको ट्याङ्कीमा जम्मा गरेर अस्पताल भवनमा वितरण गरिने छ। ट्याङ्की निर्माणका लागि मन्त्रालयले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमार्फत रु ४० लाख बजेट विनियोजन गरेको छ। तत्कालका लागि मौजुदा ट्याङ्कीको प्रयोग गरेर पानीको वितरण शुरु हुने अस्पताल विकास समितिले जनाएको छ। जमीनमुनिको पानी तानेपछि अस्पतालमा रहेको पानीको समस्या समाधान हुने अस्पताल विकास समितिका सदस्य शालिकराम शर्माले बताउनुभयो।

पहिले आठ इञ्च ड्रिलिङ गरेर १०० मिटर जमीनमुनि खनेपछि आकार घटाउने छ इञ्चको पाइप राखिएको कम्पनीले जनाएको छ। जमीन मुनिको पानी निकाल्दा अस्पताललाई वार्षिक २० लाख रुपैयाँ खर्च कटौती हुने सदस्य शर्माले बताउनुभयो। "ट्याङ्करको पानी ल्याउँदा वार्षिक लाग्ने खर्चले मात्रै बोरिङ खन्ने काम भएको छ", उहाँले भन्नुभयो, "अरु खर्च हुन्छ तर दुई वर्ष पानी किन्ने खर्च मात्रै अहिले लगानी गर्दा २० वर्षलाई पानीले ढुक्क हुन्छ।" तराईमा जमीन मुनिको पानी निकाल्ने काम सहज भए पनि पहाडमा भने चुनौतीपूर्ण मानिन्छ।

यसअघि बागलुङकै चिल्ड्रेन लाइफ बोर्डिङ स्कुलले जमीन मुनिको पानी निकालेर प्रयोगमा ल्याएको थियो।

# कोरोनाले लघु तथा घरेलु उद्योगलाई सबैभन्दा बढी असर

रासस
काठमाडौँ, ३० माघ

कोभिड–१९ का कारण अधिकांश लघु तथा घरेलु उद्योग पूर्णरुपमा बन्द भएका छन्। कोरोनाका कारण सबैभन्दा धेरै लघु तथा घरेलु उद्योग प्रभावित भएको उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था मन्त्रालयले सार्वजनिक गरेको उद्योगमा कोभिडले पारेको प्रभावको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

मन्त्रालयले सार्वजनिक गरेको उक्त अध्ययन प्रतिवेदनअनुसार ५४ प्रतिशत उद्योगको ५० प्रतिशत उत्पादन क्षमतामा गिरावट आएको, ३२ दशमलव ४३ प्रतिशत उद्योगको ७५ प्रतिशतसम्म उत्पादनमा गिरावट आएको, २३ दशमलव ५२ प्रतिशत लघु घरेलु उद्योगको उत्पादन क्षमतामा ७५ प्रतिशत घटेको छ।

उक्त अध्ययनमा गरगहना, रङरोगन, पेयपदार्थ, सिमेन्ट, तामा पित्तल भाडा, जलविद्युत् उत्पादन, हस्तकला, तयारी पोशाक, परामर्शलगायतका वस्तु तथा सेवा उत्पादन गर्ने उद्योगलाई समावेश गरिएको थियो। अध्ययनमा लघु तथा घरेलु उद्योग १७, साना उद्योग आठ, मझौला चार र ठूला आठ उद्योग गरी ३७ उद्योगलाई नमूना (स्याम्पल) को रूपमा रहेका थिए। प्रतिशतको आधारमा २२ प्रतिशत ठूला उद्योग, ४६ प्रतिशत लघु घरेलु उद्योग, ११ प्रतिशत मझौला उद्योग र २१ प्रतिशत साना उद्योग अध्ययनमा सहभागी थिए। यसैगरी अध्ययनमा सहभागी लघु तथा घरेलु उद्योगमध्ये ८२ दशमलव ३५ प्रतिशत उद्योगले कोभिड–१९ का कारण उत्पादनमा असर परेको, ७६ दशमलव ४७ प्रतिशतले कच्चा पदार्थ प्राप्ति गर्न कठिनाइ भएको र ८८ दशमलव २४ प्रतिशतले आफ्नो उत्पादनको बजारीकरण गर्न नसकेको बताएका थिए। यसैगरी, ८७ दशमलव पाँच प्रतिशत साना उद्योगको उत्पादनमा प्रत्यक्ष असर परेको तथा ७५ प्रतिशत कच्चा पदार्थ प्राप्त गर्न कठिनाइ भएको प्रतिक्रिया दिएका थिए। सतासी दशमलव पाँच प्रतिशत उद्योगले श्रमिकको परिचालन र उत्पादनको बजारीकरणमा असर परेको बताएका थिए। यस्तै अध्ययनमा सहभागी ५० प्रतिशत मझौला उद्योगले कच्चा पदार्थ प्राप्तिमा समस्या भएको, ७५ प्रतिशत उद्योगले श्रमिक परिचालनमा समस्या परेको बताएका थिए। ठूला उद्योगले भने कच्चा पदार्थको प्राप्ति, वस्तु तथा सेवाको उत्पादन, श्रमिक परिचालन तथा बजारीकरण सबै क्षेत्रमा असर परेको बताएका थिए। कोरोनाका कारण अधिकांश उद्योग नोक्सानमा रहेको तथा अध्ययनमा सहभागी उद्योगमध्ये १६ दशमलव २२ प्रतिशत मात्र नाफामा रहेको बताएका छन्। नाफामा रहेका उद्योगमध्ये ६६ दशमलव ६७ प्रतिशत ठूला उद्योग थिए।

# कामदारले ज्याला पाएनन्

पोखरापत्र संवाददाता
बागलुङ, ३० माघ

गलकोट नगरपालिका–१० पाण्डवखानीको स्वास्थ्यचौकी भवन निर्माणमा खटिएका स्थानीय कामदार ज्याला पाउनबाट वञ्चित भएका छन् ।

भवन बनेको वर्षौं बित्दासमेत निर्माण कम्पनी रविना कन्स्ट्रक्शनले कामदारलाई ज्याला नदिएको हो । विसं २०७३ देखि निर्माण थालिएको सो भवन विसं २०७६ असोजमा पूरा भएको थियो । कामदारसहित व्यापारी, होटल व्यवसायीसमेतले भुक्तानी नपाएको स्थानीयवासी उमेश विकले बताउनुभयो । "हामी ५०/५५ जना पीडित छौं, पाँच/सात जना व्यवसायी र अरु सबै गाउँका कामदार छन्", उहाँले भन्नुभयो । आफैं भवन निर्माण खटिनुभएका वडाध्यक्ष तिलक पुनले निर्माण कम्पनीबाट सबैले गरी झण्डै रु १५ लाख लिन बाँकी रहेको सुनाउनुभयो । पुनले भवनको गारो लगाएको र विद्युतीकरण गरेवापतको रु ५० हजार पाउन बाँकी छ । "जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयसम्म धाएर निर्माण व्यवसायीविरुद्ध उजुरी गर्‍यौं तर अहिलेसम्म सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो । गत महिना वडाध्यक्ष पुनको नेतृत्वमा आएका पीडित कामदारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए ।

जिप्रकाले गलकोट, हरिचौरमा रहेको इलाका प्रहरी कार्यालयलाई घटनाको छानबिन गरी निर्माण व्यवसायीबाट कामदारलाई ज्याला दिलाउन निर्देशन दिए पनि गलकोट प्रहरीले कुनै चासो नदिएको गुनासो पीडित पक्षको छ । वडाध्यक्ष पुनले पटकपटक निर्माण व्यवसायीसँग कुराकानी गरेर समस्या समाधानको पहल गरिएको बताउनुभयो । "निर्माण कम्पनीले पाउनुपर्नेमध्येको १० प्रतिशत बजेट रोक्का छ, त्यसैबाट कामदारको ज्याला भुक्तानी गर्ने प्रतिबद्धता कम्पनीका प्रतिनिधिबाट आएको छ", उहाँले भन्नुभयो । निर्माण कम्पनीका प्रतिनिधिसँग बसेर ज्याला नपाएका कामदारको यकिन विवरण निकालेपछि वडाको समन्वयमा भुक्तानी प्रक्रिया अगाडि बढ्ने वडाध्यक्ष पुनले बताउनुभयो । निर्माण कम्पनीले व्यावसायिक प्रतिनिधिका रूपमा वसन्त केसीलाई भवन निर्माणको जिम्मा दिएको थियो । केसीले यसअघि पनि कामदारसमक्ष ज्याला दिने बताउँदै आए पनि भुक्तानीमा ढिलाइ गरिरहेको स्थानीयवासी सुरेश छन्त्यालले बताउनुभयो ।

"भवन निर्माणमा पनि ढिलासुस्ती भयो, चार वर्षमा बल्ल बन्यो, त्यसैमाथि कामदारले पनि ज्याला पाएका छैनन्", उहाँले भन्नुभयो, "यो विषयमा धेरै पटक आवाज उठायौं, कसैले सुनेन ।" स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको रु एक करोड ७७ लाखको बजेटबाट स्वास्थ्यचौकी भवन बनेको हो । भवन बनेपछि स्वास्थ्यचौकीबाट प्रदान गरिने सेवा प्रवाह भने सहज र छरितो भएको स्थानीयवासी बताउँछन् ।

# घिरिङ गाउँपालिका पूर्णरुपमा उज्यालो

पोखरापत्र संवाददाता
तनहुँ, ३० माघ

घिरिङ गाउँपालिका उज्यालो गाउँपालिका बनेको छ । सबै घरधुरीमा विद्युत् सुविधा पुगेपछि घिरिङ गाउँपालिका उज्यालो गाउँपालिका बनेको हो ।

घिरिङ गाउँपालिका–१ को बन्टार, जगौलीटार र खुम्लिङटारमा बिहीबार बत्ती बलेसँगै गाउँपालिका अँध्यारोमुक्त भएको छ । उक्त गाउँका १०६ घरधुरीमा बिहीबार बत्ती बलेको छ । घिरिङ विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष होमबहादुर थापाले लामो समयको प्रयासपछि सबै घरधुरीमा बत्ती बाल्न सकिएको जानकारी दिनुभयो । "बत्ती नपुगेका घरहरूमा बत्ती पुऱ्याउन निरन्तर काम गऱ्यौं, कोभिडको महामारीका बीचमा पनि कतिपय गाउँमा बत्ती बाल्न सफल भयौं", थापाले भन्नुभयो, "हालसम्म अँध्यारोमा बस्दै आएका स्थानीयवासीको मुहारमा खुशी ल्याउन सफल भएका छौं ।"

गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछि गाउँपालिकाले विभिन्न वडामा विद्युत् सेवा विस्तारलाई तीव्रता दिएको थियो । सोही अभियानअन्तर्गत गत साता मात्र घिरिङ गाउँपालिका–४ को गड्यौलीटार र नयाँटारको २२० घरधुरीमा बत्ती बलेको थियो । घिरिङ गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले 'उज्यालो घिरिङ' अभियान सम्पन्न भएको बताउनुभयो ।

जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आएपछि करीब एक हजार ५०० भन्दा बढी घरमा विद्युत् सेवा विस्तार भएको उहाँले जानकारी दिनुभयो । "गाउँपालिका अध्यक्षमा निर्वाचित भएपछि सबै घरधुरीमा बत्ती पुऱ्याउने प्रतिबद्धता पूरा भएको छ", उहाँले भन्नुभयो, "विद्युतीकरण अभियानमा तनहुँ जलविद्युत आयोजना, नेपाल विद्युत् प्राधिकरणले पनि सहयोग पुऱ्यायो ।" अध्यक्ष रानाका अनुसार गाउँपालिकामा जनप्रतिनिधि आउनु अगाडि १० प्रतिशत घरधुरीमा मात्रै विद्युत् सेवा पुगेको थियो । "हालसम्म टुकी, मैनबत्तीको भरमा बस्दै आएका स्थानीयवासीलाई अँध्यारोबाट मुक्त पार्छौं भनेर प्रतिबद्धता जनाएका थियौं, सो प्रतिबद्धता पूरा गर्न सफल भएका छौं", उहाँले भन्नुभयो ।

वर्षौंदेखि टुकी र मैनबत्तीको भरमा बस्दै आएका घिरिङका स्थानीयवासी बत्ती बलेसँगै खुशी भएका छन् । स्थानीयवासी तारा खनालले धेरै वर्षको प्रतीक्षापछि गाउँमा बत्ती बाल्न पाउँदा खुशीको सीमा नै नरहेको बताउनुभयो । स्थानीयवासी दीपक थापाले विगत लामो समयदेखि बिजुलीको आशामा बसेका स्थानीयवासीको मुहारमा खुशी छाएको बताउनुभयो । "बत्ती कहिले बल्ला भनेर लामो समय कुर्‍यौं तर स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएदेखि नै गाउँपालिकामा विद्युतीकरण अभियानले तीव्रता पायो", उहाँले भन्नुभयो । नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रका अनुसार जिल्लाका ८५ प्रतिशतभन्दा बढी घरधुरीमा बिजुलीको सुविधा पुगेको छ । केन्द्रका अनुसार देवघाट गाउँपालिका, ऋषिङ गाउँपालिका, बन्दीपुर गाउँपालिकाका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी छ । वितरण केन्द्रले गत आवमा आँबुखैरेनी, बन्दीपुर, रिसिङ गाउँपालिका र व्यासनगरपालिकाको एक हजार घरधुरीमा बिजुली विस्तार गरेको थियो । वितरण केन्द्रले विद्युतीकरणका लागि बन्दीपुरको साराङघाटमा आठ एमभिएको सवस्टेसन निर्माण गरिएको छ । सो सवस्टेशनबाट आँबुखैरेनीसम्म ११ किमी दूरीसम्म लाइन तानेर आँबुखैरेनीका विद्युत् नपुगेका गाउँमा विद्युत् सेवा पुऱ्याइनेछ । साथै सोही सवस्टेशनबाट नयाँ फिडर निकालेर देवघाट गाउँपालिकाका कोटा, वैदी, छिपछिपेलगायतका ग्रामीण बस्तीमा बिजुली सेवा पुऱ्याइनेछ ।

# पश्चिमी वायुको प्रभावः हिमपातको सम्भावना

रासस
काठमाडौं, ३० माघ

पश्चिमी वायुको प्रभावले आगामी तीनदिन देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपात हुने भएको छ ।

उक्त प्रणालीको प्रभावले आगामी आइतबारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपातको सम्भावना रहेको मौसमविद् वरुण पौडेलले जानकारी दिनुभयो । "यस वायुको प्रभावले वर्षा हुने सम्भावना भने रहेको छैन ।" उहाँले भन्नुभयो ।

हाल देशको सुदूरपश्चिम प्रदेश र अन्य केही पहाडी भूभागहरूमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ । दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभागले आगामी २४ घण्टाको लागि चेतावनी तथा परामर्श जारी गर्दै उच्च पहाडी तथा हिमाली भूभागमा हल्कादेखि मध्यम हिमपातको सम्भावना र तराईका केही भूभागमा बिहानपख हुस्सु/कुहिरो लाग्न सक्ने हुँदा चिसो अझै रहिरहने देखिएकोले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव ८ डिग्री र अधिकतम तापक्रम २१ दशमलव ६ डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव चार डिग्री सेल्सियस रहेको छ ।

# वडाको सिमाना हेरफेर तथा विस्तार

– कृष्ण न्यौपाने
तनहुँ, ३० माघ

तनहुँको व्यास नगरपालिकाले एउटा वडा विभाजन र केही वडाको सिमाना हेरफेर गर्ने निर्णय गर्ने गरेको छ । नगरपालिकाको बुधबार सम्पन्न ३४ औं नगरसभाले एउटा वडालाई विभाजन गर्दै केही वडाको भागलाई अन्य वडामा समावेश गर्ने निर्णय गरेको हो ।

व्यास नगरपालिका–६ लाई दुई वडा बनाउने प्रस्ताव नगरसभाले सर्वसम्मत पास गरेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार साविक स्याम्घाको वडा नं १, २, ३ र ४ लाई एउटा वडा बनाउने र त्यसको केन्द्र सिसाघाटमा र वडा नं ५, ६, ७, ८ र ९ लाई अर्को वडा बनाएर त्यसको केन्द्र स्याम्घा हटिया निर्धारणका लागि प्रदेश सरकार हुँदै सङ्घीय सरकारसमक्ष पठाउने निर्णय भएको छ ।

व्यास नगरपालिका–८ को कोटथोक गाउँलाई वडा नं ७ मा र व्यास नगरपालिका–९ को छापलाई व्यास नगरपालिका–११ मा गाभ्ने निर्णय नगरसभाले गरेको छ । त्यस्तै व्यास नगरपालिका–११ को पातलगाउँलाई व्यास नगरपालिका–९ मा गाभ्ने निर्णय भएको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो । नगरपालिकाले उपप्रमुख मीरा जोशीको संयोजकत्वमा वडा सिमाना हेरफेरका लागि समिति गठन गरेको थियो । समितिको प्रतिवेदन साथै सर्वदलीय बैठकको निर्णयबमोजिम नगरपालिकाको आन्तरिक सिमाना हेरफेर तथा वडा विस्तारको निर्णय गरिएको नगरपालिकाले जनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सिमाना हेरफेर गर्नुपरेमा त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका तथा नगरपालिकाको सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्ने उल्लेख छ । ऐनमा गाउँपालिका वा नगरपालिकाको सङ्ख्या र सिमाना हेरफेर गर्नुपर्ने भएमा गाउँपालिका वा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा एक वर्षअगावै गरिसक्नुपर्ने उल्लेख छ ।

नगरसभाले छिमेकी पालिकाका वडाका केही भागलाई व्यास नगरपालिकामा समावेश गर्न सम्बन्धित स्थानीय तहमा प्रस्ताव पठाउने निर्णयसमेत गरेको छ । यसअनुसार भानु नगरपालिका–१३ को टुटेपानीलाई व्यास नगरपालिका–८ मा समावेश गर्ने प्रस्ताव नगरसभाले गरेको छ । बन्दीपुर गाउँपालिका–३ को तानुडभन्दा परको दुई गाउँलाई व्यास नगरपालिका–१४ मा र भानु नगरपालिका–६ मूलपानीका दुई टोललाई व्यास नगरपालिका–१२ मा समावेश गर्ने प्रस्ताव गरिएको छ । नगरसभाले चालु आर्थिक वर्ष २०७७/७८ को संशोधित बजेट तथा कार्यक्रम रु एक अर्ब ५७ करोड २७ लाख १२ हजारलाई यथावत राखी संशोधित आयमा सङ्घ सरकार तथा जिल्ला समन्वय समितिबाट प्राप्त हुने रु दुई करोड २८ लाख १९ हजार थप गरी आन्तरिक आयमा सोही बराबर घटाउने निर्णय गरेको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार नगरसभाबाट चालु आवको संशोधित आर्थिक विधेयक २०७७ र संशोधित विनियोजन विधेयक २०७७ पारित भएको छ । नगरसभामा पेश भएका विभिन्न प्रस्ताव एवं अन्य समसामयिक विषयमा विभिन्न वडाबाट २७ जनाले छलफलमा भाग लिनुभएको थियो । लेखासमितिबाट पेश हुन आएको आव २०७५/७६ सम्मको बेरुजु तथा पेश्कीसम्बन्धी रु १० करोड ५० लाख ४७ हजार ७६० को सम्परीक्षण गर्नुपर्ने प्रस्ताव नगरसभाले पारित गरेको छ ।

घरबहाल कर लगाउने प्रयोजनका लागि आवश्यक तथ्याङ्क सङ्कलन एवं दर निर्धारण गर्ने उद्देश्यका साथ आवश्यक प्रक्रिया अगाडि बढाउन वडाध्यक्ष काशीराम श्रेष्ठको अध्यक्षतामा घरबहाल कर व्यवस्थापन समिति गठन गरिएको छ । स्थानीयस्तरमा सञ्चालन हुने सार्वजनिक यातायातको भाडादर निर्धारण एवं अद्यावधिक गर्ने कार्यका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय नगरसभाले गरेको छ ।

# सुपरदोर्दी 'ख' आयोजनाको निर्माण बन्द

पोखरापत्र संवाददाता
लमजुङ, ३० माघ

लमजुङको दोर्दी गाउँपालिका–६ ढोडेनीमा निर्माणाधीन ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाको निर्माण कार्य बन्द गरिएको छ । बिहीबार जीप दुर्घटनामा परी आयोजनाका कर्मचारीको मृत्यु भएकाले आज एक दिन आयोजनाको सबै निर्माण कार्य बन्द गरिएको आयोजना साइट इन्चार्ज रमेश सिग्देलले बताउनुभयो ।

बिहीबार आयोजना स्थलतर्फ आउँदै गर्दा अचानक जीप दुर्घनामा परी आयोजनाका कर्मचारीको मृत्यु र केही घाइते भएका थिए । बेँसीशहर नगरपालिका–१ उदिपुरबाट आयोजनास्थलतर्फ जाँदै गरेको प्रदेश ३–०१–२२ च १३८३ नम्बरको बोलेरो जीप सोही गाउँपालिका–६ सिमी तार्जेमा बिहीबार दुर्घटना हुँदा गाउँपालिका–६ सिमितार्जेमा दुर्घटना हुँदा जीप चालक २६ वर्षीय किशोर राई, ३४ वर्षीय इञ्जिनीयर यदुनाथ भट्टराई र तनहुँस्थित भानु नगरपालिका–१० घर भएका इञ्जिनीयर प्रकाश लौडारीको घटनास्थलमै मृत्यु भएको थियो । त्यस्तै, आयोजनाका इञ्जिनीयर सुनिलकुमार शाह घाइते हुनुभएको छ । त्यस्तै, सोही जीपमा रहेका सोही पालिका–६ सिमी तार्जे घर भएका १५ वर्षीय अनु घले र १५ वर्षीय सुशाना विक घाइते भएका छन् । प्रहरीका अनुसार सो जीप सडकबाट १२० मिटर तल जीप खसेर दुर्घटना भएको थियो । दोर्दी खोला कोरिडोरमा पिपुल हाइड्रोपावर कम्पनीद्वारा निर्माणाधीन यस आयोजनाको हालसम्म ८२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । आयोजनाको विसं २०७५ भित्रै व्यावसायिक उत्पादन मिति रहेकामा विसं २०७१ मा विद्युत् खरिद सम्झौता (पिपिए) गरी विसं २०७२ असोज महिनाबाट निर्माण थालनी भएको थियो ।

आयोजनामा सबै गरेर ५०० कर्मचारी रहेका छन् । विसं २०७५ मा निर्माण कार्य सम्पन्न नभएपछि निर्माण अवधि थप गर्दै गत असारसम्मको सम्झौता गरेको थियो । सो अवधिमा समेत निर्माण कार्यमा ढिलाइ भएपछि आगामी असारसम्म निर्माण सक्ने सम्झौता रहेको भए पनि सोभन्दा अघि निर्माण सम्पन्न हुने आयोजनाले जनाएको छ ।

**रक्तदान जीवनदान**

**जीवनदान महादान**

# करौंतेको केन्द्र बन्दै बडीगाड

पोखरापत्र संवाददाता
गलकोट, ३० माघ

जिल्लामा स्थानीय तहको निर्वाचनपछि धेरै जनप्रतिनिधिले पूर्वाधार निर्माणमा जोड दिएका छन् । धेरै स्थानीय सरकारले ओफेलमा राख्दै गरेको खेलकूद क्षेत्रलाई बडीगाड गाउँपालिकाले भने प्राथमिकताका साथ अगाडि बढाएको छ । खेलकूद क्षेत्रको विकासका लागि बडीगाड गाउँपालिकाले गौरवको योजनाका रुपमा खेलकूद पूर्वाधार निर्माणलाई विशेष जोड दिएको छ ।

गाउँपालिकाले खेल अभ्यासका लागि कवर्ड हल निर्माण तथा खेलाडी आवास निर्माणमा झण्डै ५० लाख रुपैयाँ लगानी गरेको छ । गाउँपालिकालाई खेलकूदको केन्द्रका रुपमा विकास गर्न गत वर्ष गाउँपालिकाको तर्फबाट रु २० लाखको लागतमा कवर्ड हल निर्माण गरिएको छ । गत वर्ष नै खेलाडी र अतिथिका लागि गाउँपालिकाले रु १० लाख विनियोजन गरेर आवास निर्माण शुरु गरेको थियो । गाउँपालिकाले यस वर्ष रु १० लाख र सङ्घीय सांसद देवेन्द्र पौडेलले विनियोजन गरेको रु १४ लाखको लागतमा अहिले आवास निर्माणको कार्यसमेत अन्तिम चरणमा पुगेको बडीगाड गाउँपालिकाले जनाएको छ । गाउँपालिकालाई खेलकूदको केन्द्र बनाउनका लागि खेलकूद क्षेत्रको पूर्वाधार निर्माणमा जोड दिएको बडीगाड गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजाले जानकारी बताउनुभयो । "गाउँपालिकाले अन्य क्षेत्र जस्तै खेलकूद क्षेत्रलाई समेत प्राथमिकतामा राखेर पूर्वाधार र खेलाडी उत्पादनमा जोड दिइएको छ", अध्यक्ष पाइजाले भन्नुभयो, "खेलकूदको पूर्वाधारसँगै खेलाडी उत्पादन गरिरहेका छौं, राष्ट्रिय अन्तरराष्ट्रिय खेलमा सहभागीसमेत भइरहेका छन् ।" बडीगाड गाउँपालिका करौंते खेलमा निकै आकर्षण र उर्वर देखिएको छ । गाउँपालिकाले दुई वर्षअघि बडीगाड महोत्सवका अवसरमा राष्ट्रियस्तरको करौंते प्रतियोगितासमेत सम्पन्न गरेको छ । गाउँपालिकामा अन्तराष्ट्रियस्तरको मान्यता प्राप्त करौंते प्रशिक्षक समेत भएकाले गाउँपालिकामा खेलकूद क्षेत्रको गतिविधि र प्रवर्द्धनका लागि सहज भएको छ । बडीगाड करौंते डोजोअन्तर्गत अहिले गाउँपालिकाले निर्माण गरेको कवर्ड हलमा दैनिक ७० जना खेलाडीले करौंते खेलको प्रशिक्षण लिइरहेको बडीगाड करौंते डोजोका प्रमुख तथा अन्तराष्ट्रिय प्रशिक्षक राजन पाइजाले जानकारी दिनुभयो । पाइजाका अनुसार, गाउँपालिकाको सहयोगमा बडीगाड करौंते डोजोले उत्पादन गरेको खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई गोल्ड मेडलसमेत जित्दै आएका छन् । हालै पञ्जाबमा सम्पन्न भएको इन्डोर नेपाल प्रतियोगितामा बडीगाड डोजोकोतर्फबाट सहभागी भएका छ जना खेलाडीले नै गोल्ड मेडल प्राप्त गर्न सफल भएका थिए । "करौंते खेलमा बडिगाड गाउँपालिकाले धेरै सहयोग गर्दै आएको छ, करौंते खेलका लागि लक्षित गरी कवर्ड हल तथा आवाससमेत निर्माण गरेको छ", करौंतेका एशियन प्रशिक्षक पाइजाले भन्नुभयो, "कवर्ड हल नहुँदा यसअघि प्रशिक्षणका क्रममा पानी पर्दा समस्या हुने हावाहुरीले समस्या पार्ने गरेको थियो तर अहिले कवर्ड हल निर्माणपछि निकै सहज भएको छ ।" बडीगाड डोजोले चार वर्षदेखि खेलाडीलाई करौंते प्रशिक्षण गर्दै आएको छ । करौंते मात्र नभई अन्य खेल प्रशिक्षण र कार्यका लागि पनि खेलकूद पूर्वाधारले सहज हुने पाइजा बताउनुहुन्छ ।

# शनिबारदेखि काउलेपानी घरबास खुला

पोखरापत्र संवाददाता
लमजुङ, ३० माघ

कोभिडले प्रभावित बनेको करिब एघार महिनापछि पर्यटकका लागि यहाँका काउँलेपानी घरबास (होमस्टे) शनिबारदेखि खुल्ला हुने भएको छ । समुन्द्री सतहदेखि एक हजार ६०० मिटर उचाइमा रहेको यस बेँसीशहर नगरपालिका–३ काउँलेपानी घरबास (होमस्टे) सुरक्षा मापदण्ड अपनाउँदै पर्यटकलाई खुल्ला गर्ने भएको हो ।

शुक्रबार बसेको काउलेपानी पर्यटन विकास समितिको बैठकले उक्त निर्णय गरेको हो । कोभिडका कारणले सरकारले लकडाउन गरेको गत चैत ११ गतेदेखि नै बन्द रहेको यस घरबासमा शनिबारदेखि सुरक्षा सतर्कता अपनाउँदै घरबास सञ्चालन गर्ने गर्न लागिएको यस समितिका अध्यक्ष देबबहादुर गुरुङले बताउनुभयो । 'यहाँ घरबासमा आउने पर्यटकलाई नै अनिवार्य मास्क प्रयोग गराउँछौं, हामीले पनि प्रयोग गर्छौं साथै, सेनिटाइजरलगायत सुरक्षा मापदण्ड अपनाउनेछौं', उहाँले भन्नुभयो । सामाजिक दूरी कायम गर्दै विगत जसरी नै पर्यटकलाई स्वागत सत्कार तथा विभिन्न साँस्कृतिक कार्यक्रमको आयोजना गरिने उक्त समितिले जनाएको छ ।

समितिका अनुसार यहाँ आएका पर्यटकको मनोरञ्जनका लागि गुरुङको लोपोन्मुख कृष्ण चरित्र, घाटु, ध्याब्रे नाचलगायत विभिन्न साँस्कृतिक नृत्य प्रस्तुत गर्नेछ । सन् २०११ बाट सञ्चालनमा आएको यस घरबासमा १५ घरमा घरबासको व्यवस्था गरिएको छ । यहाँ नेवार, गुरुङ र भुजेल समुदायको घरबास रहेको छ भने, यी सबै घरबासमा गरी ८८ वटा पर्यटक एकै रातमा सुत्न सकिने बताइएको छ । यस काउलेपानीबाट बौद्ध हिमाल, माछापुच्छ्रे, अन्नपूर्ण दोस्रोदेखि चौथो, मनास्लु दक्षिण, मनास्लु, अन्नपूर्ण साउथ, च्ये, डा हर्कपिकलगायत एक दर्जन हिम श्रृंखला देख्न सकिन्छ । साथै शाहवंशीय राजाको उदभस्थलो मानिने लमजुङ दरबार, सूर्योदयको मनमोहक दृश्य देख्न सकिन्छ । यहाँ पूजा तथा दर्जन गर्नाले मनोकांक्ष पूरा हुने जनविश्वास छ । त्यस्तै, गाउँमा रहेको काउलेपानी मन्दिरको अवलोकन तथा दर्शन गर्न सकिन्छ । प्रति पर्यटकलाई एक रातको रु एक हजार ५० लाग्ने गर्दछ । जिल्लामा विस्तारै बन्द रहेको घरबास सञ्चालन हुने तयारीमा रहेका छन् । गाउँमा आएका पर्यटकलाई फूलमाला, सेतो टिका (अक्षता)ले स्वागत गर्दै सुस्वास्थ्यको कामनासहित रक्षा धागो बाँधिदिने, लोकल रक्सी तीन पटक गाउँलेले पर्यटकलाई खुवाउने गर्दछन् । अनि स्वागत गीत र नृत्य प्रस्तुत गर्ने, गाउँमै उब्जाएको मकै, भटमास, कोदोको सेलरोटी, गुन्द्रुकको अचारको खाजा खुवाउने बेग्लै खालको परम्परा छ । स्थानीयले बेलुकी खाना खानुअघि स्थानीय परम्परागत गीत, नाच प्रस्तुत र पर्यटकलाई पनि सँगसँगै नचाउने पनि गर्दछन् । त्यस्तै, रात्रिको खानामा स्थानीय जातको चामलको भात, लोकल कुखुरा वा खसी, बोकाको मासु, गाउँमै फलाएको सागपात, आलु आदिको तरकारी, अचार र रुचाउनेलाई कोदोको सोमरस (रक्सी) पनि उपलब्ध गराउँछन् । छुट्टिने बेलामा विदाई गीत गाउँदै बाटोमा पर्यटकलाई खाजाका लागि कोसेली स्वरुप सेल रोटी, अचार र कोदोको रक्सी उपहार दिएर पठाउने साह्रै मौलिक परम्पराले पनि यहाँ आउने पर्यटकको मन लोभ्याउँछ ।